# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ | मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।०५

श्री प्रमुखज्यू,
आठविसकोट नगरपालिका,
रुकुम ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षणको सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१४ करोड २२ लाख ७४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५४ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६४ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० करोड ७८ लाख ९३ हजार र पेश्की रु.२४ लाख ९० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना उन्नाईस (१९)यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**आठविसकोट नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । कर्णाली प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत १४ वडा,५६०.३४ वर्ग कि.मी.क्षेत्रफल र३३६०१ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ वमोजिम विभिन्न स्रोतबाट प्राप्त निकासा तथा आम्दानीहरु नगरपालिकाले स्थानीय सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोष र आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको** | | २०२५०.६८ | १ | **चालु खर्च** | | १६६७७६१९६.०७ |
| | क) नगद | | | | समाननिकरण अनुदान | ३८४४०३०० | |
| | ख) बैंक | | | | सशर्त अनुदान कृषि | २९४७१० | |
| | सन्चित कोष | | | | एलजिसिडपि | ८६७०४५.०० | |
| | चालु खाता | | | | सशर्त अनुदान पशु | ९९७२४१ | |
| | पूँजीगत खाता | | | | सामाजिक सुरक्षा | ३१८६०५०० | |
| २ | **राजस्व -आन्तरिक** | | १०६५७४३८.०० | | सशर्त अनुदान शिक्षा | ७९४४५९८३.९० | |
| | क) आन्तरिक आय | ३८१५१३८.०० | | | सशर्त अनुदान स्वास्थ्य | १४८७०४१६.१७ | |
| | ख) आन्तरिक आय | ६८४२३००.०० | | | | | |
| | ग) अन्य आय | | | | | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २८९८१६००० | २ | **पूँजीगत खर्च** | | २६६२४९५१२.०० |
| | क) वित्तीय | ३८४४०३०० | | | समाननिकरण अनुदान | २५१३७५७०० | |
| | ख) वित्तीय | २५१३७५७०० | | | एलजिसिडपि | ५९४५८८.०० | |
| ४ | **सशर्त अनुदान** | | ९९३५६००० | | दुर्गम क्षेत्र विकास | ४१५३८०८.०० | |
| | कृषि | २९७००० | | | RCIW | ६३९४७६४ | |
| | पशु | ११८३००० | | | सडक बोर्ड | २३६१०४४ | |
| | शिक्षा | ८२८३३००० | | | बहुक्षेत्रिय पोषण | १३६९६०८.०० | |
| | स्वस्थ्य | १५०४३००० | | | | | |
| | | | | ३ | **आन्तरिक** | | ६९५४६७७.६१ |
| ५ | **विषयगत निकायबाट** | | ५०५४५०४४.०० | | | | |
| | एलजिसिडपि चालू | ९५९००० | | | | | |
| | एलजिसिडपि पूंजी | ६००००० | | | | | |
| | दुर्गम क्षेत्र विकास | ६०३३००० | | | | | |
| | सडक बोर्ड | २३६१०४४ | | | | | |
| | सामाजिक सुरक्षा | ३२५४८००० | | | | | |
| | RCIW | ६४००००० | | | | | |
| | बहुक्षेत्रिय पोषण | १६४४००० | | | | | |
| | | | | ४ | **मौज्दात** | | १०४१४३४७.०० |
| ६ | **अन्य विविध आय** | | | | क) नगद मौज्दात | | |
| | गत वर्षको निकासा | | | | ख) बैंक मौज्दात | | |
| | **जम्मा** | | ४५०३९४७३२.८० | | **जम्मा** | | ४५०३९४७३२.८० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्षको वजेट ०७४।३।२८ मा पास गरेकोमा प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्न अख्तियारी ०७४।४।७ मा र प्रशासकिय अधिकृतले वडा सचिवलाई अख्तियारी दिएको छैन । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम नगरपालिकाले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको सभावाट मिति ०७४।३।२८ पारित गरेको देखियो । कार्यालयले आय व्यायको अनुमान साथ गत वर्षको बास्तविक आय, चालू आर्थिक वर्षको अन्तिम सम्म हुने आयव्यायको संशोधित अनुमान समेतको विवरण सहित सभावाट पारित चालू आर्थिक वर्षको अनुमान मात्र पारित गरेको देखियो । ऐनले तोके वमोजिम कानुनको पालना हुनु पर्दछ । | |
| ३ | **वार्षिक कार्यक्रम तथा वजेट :** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम नगरपालिकाले वार्षिक कार्यक्रम तथा वजेट सभावाट पारित गराई स्वीकृत भएको वजेटको परिधिभित्र रही स्वीकृत कार्यक्रम तथा योजनामा खर्च गर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्षको पूँजिगत तर्फ २७ करोड ३२ लाख १३ हजार विनियोजन गरेकोमा कार्यक्षेत्रगत विवरणमा रु २६ करोड ४५ लाख ६ हजार विनियोजन गरी फरक रु ८७०७ हजार अवण्डा रकम पास गरेको देखियो । क्षेत्रगत रुपमा विनियोजन गर्दा योजना तथा कार्यक्रमगत रुपमा विनियोजन नगरी प्रस्ताव पेश भएको आधारमा आवश्यकता अनुसार प्राथमिकतामा परेका क्षेत्रमा र नगरकार्यपालिकाबाट स्वीकृत आयोजनाहरुमा खर्च हुने भनी पास गरेको देखियो । कर्यक्रम संचालन हुने स्थान र योजनाको नाम र वजेट उल्लेख नगरी पुरै रकम कार्यक्रमगत अवण्डा राखी पटक पटकको कार्यापालिकाको निर्णयअनुसार आवश्यकताको आधारमा खर्च गरेको नियमित देखिदैन । | |

| **क.सं.** | **कार्यक्रम र आयोजना** | **रकम रु हजारमा विनियोजन** | **कार्यान्वयन हुने स्थान** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कृद्दयम ार्क मूल कार्यक्रम ६ वटा | ३४५६० | सम्भावित १४ वटै वडाहरुमा | ६ वटा कार्यक्रमको एकमुष्ट |
| २ | उद्योग वाणिज्य मूख्य २ कार्यक्रम | ५७६० | | |
| ३ | शिक्षा मूख्य ३ कार्यक्रम | ४६०८० | प्राथमिकतामा परेका विद्यालयहरुमा | ३ कार्यक्रममा एकमुष्ट |
| ४ | स्वास्थ्य मुख्य ४ कार्यक्रम | ११५२० | आवश्यकता अनुसार तोकिएका क्षेत्रमा | |
| ५ | खानेपानी तथा सरसफाई | ११५२० | योजनाको नाम नभएको | १४ वडामा वडागत विनियोजन |
| ६ | सिंचाई | ११५२० | | |
| ७ | सस्कृति प्रर्वधन ४ कार्यक्रम | २४०० | प्राथमिकतामा परेका वडा, मूख्य मेलाजात्राका लागि | |
| ८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ११५२० | कार्यक्रम प्रस्ताव र आवश्यकताको आधारमा छनौट भएका वडाहरु | लक्षित समूहको एकमुष्ट |
| ९ | स्थानिय सडक पूल तथा झोलुंगे पूल | ४६०८० | | १२ वटा योजनामा एकमुष्ट विनियोजन |
| १० | भवन तथा शहरी विकास | ११५२० | नगर कार्यापालिकाले आवश्यकता अनुसारको क्षेत्रमा खर्च गर्ने | एकमुष्ट |
| ११ | संचार | ११५२० | नगरकार्यपालिकाले वजेट विनियोजन गरी खर्च गर्ने | |
| १२ | बन तथा भू संरक्षण | २२८० | नगरपालिकाबाट स्विकृत आयोजनामा खर्च गर्ने | |
| १३ | जलाधार संरक्षण | २२८० | | |
| १४ | वातावरण संरष्क्षण | १०८० | | एकमुष्ट |
| १५ | फोहोरमैला व्यवस्थापन | ११५२० | | |
| १६ | जल उत्पन्न प्रकोप | १०८० | | |
| १७ | विपद व्यवस्थापन | १८०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १८ | संस्थागत विकास सेवा प्रवाह र शुशासन | ३०२६ | नगरपालिका तथा वडा कार्यालयहरु | |

| | | |
|---|---|---|
| ४ | **आन्तरीक नियन्त्रण प्रर्णाली:** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐन बमोजिम आन्तरीक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याएको देखिएन । | |
| ५ | **श्रोतअनुमान तथा वजेट सीमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण,वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले योजना तथा कार्यक्रमको विवरण तयार गरेकोमा आयको संतुलित विवरणको खाका र वजेट सिमा निर्धारण गरी कार्यान्वयनको प्राथामिकिकरण गरेको देखिएन । | |
| ६ | **वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नीति तथा कार्यक्रम तर्जुमा गरेता पनि विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरो पना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परीपुरकता मिलाउने गरी वजेट तथा कार्यक्रम तयार गरेको देखिएन । नगरपालिकाको कार्यालयले विभिन्न खानेपानि योजना, विद्यालय भवन निर्माण, हाईड्रोपावर सिंचाई नहर निर्माण, मेला व्यवस्थापन, विद्युत लाइन विस्तार, सिंचाई योजना, खेलकूद विकास जस्ता कार्यक्रम र योजना छनौट गर्दा सम्वन्धित विषय क्षेत्रगत विषय सँग दोहोरोपना हुन नदिने गरी तादम्यता तथा परिपुरकता मिल्ने गरी गर्नु पर्दछ । | |
| ७ | **स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८ | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका नगरपालिका स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेकोमा सवै कार्यक्रममा वित्तिय प्रगति शत प्रतिशत, भौतिक प्रगतितर्फ कृघयम र्फाको ७ वटा मा र सहकारी तर्फको २, उद्योग वाणिज्यको १, अनुदान कार्यक्रमको भौतिक प्रगति शुन्य देखाएको छ। भवन तथा शहरी विकास तर्फ भौतिक निर्माणको ७ वटा कार्यक्रमको भौतिक प्रगति उल्लेख गरेको छैन । अनुदान दिएका कार्यक्रमको पनि नगरपालिकाबाट अनुगमन गरी प्रगति प्रतिवेदन पेश नभएकोले खर्चका यथार्थता यकिन गर्न सकिएन । | |
| ९ | **बार्षिक कार्यक्रम र प्रगति:** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई वजेट खर्च गर्न नपाउने व्यवस्था छ। नगरपालिकाले नगरसभावाट स्वीकृत क्षेत्रगत वार्षिक कार्यक्रम र कार्यालयबाट पेश भएको वार्षिक प्रगति प्रतिवेदनको खर्च भिडान गर्दा निम्नानुसारका कार्यक्रमहरुमा ०७४।३।२८ नगरसभाबाट स्वीकृत वजेट भन्दा बढी खर्च रु १३६५५४००।०० र विनियोजन नै नभएको शिर्षकमा रु २११३९९२०।०० खर्च भएकोमा मिति ०७५।१।३ को तेश्रो नगर सभावाट अनुमोदन गराएको देखिएको छ । नगरसभाबाट अनुमोदन गर्दा थप गरीएका नयाँ कार्यक्रम तथा योजनाको सम्वन्धमा जनताको मात्र र आवश्यकता सम्वन्धमा विस्तृत छलफल गरेर वास्तविक मागका योजना तथा कार्यक्रम पास गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| क्षेत्र | विनियोजन रु हजारमा | खर्च | बढी खर्च रु हजारमा | विनियोजन नभएको शिर्षक | खर्च रु हजारमा |
|---|---|---|---|---|---|
| स्वास्थ्य | ११५२० | १८०१९ | ६४९९ | औषधी उपचार खर्च | २८९.५ |
| | | | | औषधी खरीद | ८०४.१७ |
| | | | | सुत्केरी यातायात खर्च | ८०४.१७ |
| स्थानिय सडक पूल तथा झोलुंगे पूल | ४६०८० | ४८०६२.४ | १९८२.४ | सडक मर्मत संभार पिपलचौर कोट डाडा घर्ति पाखा | २५०० |
| | | | | उ.मा.वि.हुदै वडा कार्यालय जाने वाटो | २०४९.८८ |
| | | | | वसेरा खदी सडक | २०४९.८८ |
| उर्जालघु तथा साना जल विद्युत | १३४५० | १८६२४ | ५१७४ | गिजागाडा लघु जल विद्युत आयोजना | ७६२३.२९ |
| | | | | बुहबुदेखोला लघु जल विद्युत आयोजना | ४४५८.९३ |
| | | | | रिजागाडखोला लघु जल विद्युत आयोजना | ५६०.१० |
| **जम्मा रु** | | | १३६५५.४० | **जम्मा रु** | २११३९.९२ |

| | | |
|---|---|---|
| १० | **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ। कार्यालयको यसवर्षको आम्दानी गत वर्षको अ. ल्या.रु२०२५०.८० समेत रु ४५०३९४७३२।८० र खर्च रु ४३९९८०३८५।६८ बैंक मौज्दात रु १०४१४३४७१२ रहेको छ। वैंक अनुसार असार मसान्त सम्म रु८२२६४१३८।९१ आम्दानी, खर्च, बैंक मौज्दात रु७१८४९७९१।७९फरक परेको छ। कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान गर्नु पर्ने रु..................... | |
| ११ | श्रेस्ता अनुसार मौज्दात रु १०४१४३४७।०० देखिएकोमा कार्यालयले चेक साट्न बाँकीको विवरण तयार गरेको देखिएन। चालू खर्च खाताबाट २०७५ भाद्र २८ सम्म र पूजिगत खर्च खाताबाट २०७५ भाद्र २८ सम्म चेकको भूक्तानी भएको वैंक स्टेटमेन्ट बाट देखिन्छ। मूलखाता ग–४–१ मा ०७५।५।३ सम्म रु ३३४७०५५।०० आम्दानी भएको देखिन्छ। उक्त आम्दानी ०७४।७५ को आम्दानीमा परे नपरेको सम्वन्धमा छानविन गरी हिसाव एकिन गर्नु पर्ने देखिएको रु | |
| १२ | **फ्रिज रकम:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७५ बमोजिम स्थानिय निकायको आर्थिक वर्षको सालतमाम हुनु भन्दा कम्तिमा ७ दिन अगाडी भूक्तानी दिनु पर्ने रकम भूक्तानी दिई आर्थिक कारोवार बन्द गरेपछि निकाशा र खर्चको रकम अध्यावधिक गरी बाँकी रकम संघिय बजेट उपशिर्षकको रकम संघिय संचित कोषमा र स्थानिय निकायको रकम स्थानिय संचित कोषमा दाखिला गर्नु पर्नेमा नगरपालिकाको ग–२–१ चालू खर्च खातामा ०७५।६।१ सम्म रु १७१०२११।०० मौज्दात नै रहेको देखिन्छ। त्यसै गरी संघिय सरकारबाट प्राप्त शशर्त अनुदान तर्फ रु ३७४७६४९।०० सामाजिक सुरक्षा तर्फको रु ६८७५००।००, बहुक्षेत्रिय पोषण तर्फको रु २७४३९२ र एल.जि.सि.डिपि तर्फको रु ९७३६७।००, दुर्गम क्षेत्र विकास कार्यक्रमको रु १८७९१९२।००, आर.सि. आई. डव्लुको रु ५२३६।०० गरी कूल रु ६६९१३३५।९३ लेखापरीक्षणको अवधि०७५।६।१ मा ने.व.ली. राजस्व खाता नम्वर १५१११ क १६ मा रु २९४३६८७।०० दाखिला प्रमाण पेश भएको छ। वाँकी रु ३७४७६४६।९३ संघिय संचित कोषमा फिर्ता गरेको नदेखिएकोले उक्त रकम दाखिला गर्नु पर्ने रु .... | |
| १३ | **वित्तीय जवाफदेहिता पालना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ। नगरपालिकाले नियम विपरीत पूँजिगतबाट चालू प्रकृतिको खर्च मूल्यांकन र अनुगमन नगरी वितरणमुखि कार्यक्रम खर्च, पूंजिगतबाट आर्थिक साहायता दिने जस्ता कार्य गरी नियमावलीको पालना गरेको देखिएन। | |
| १४ | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन। यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन। नगरपालिकावाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ। | |

| | | |
|---|---|---|
| १५ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १६ | **बरबुझारथः** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १७ | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १८ | **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम७४(३) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार नगरपालिकाको निम्नानुसारका व्यत्ति, संस्था र उपभोक्ता समितिका नाममा पेश्कि रु १४१८०००।०० बाँकी देखिएकोले नियमअनुसार फछ्र्यौट हुनु पर्ने रु .......... | |

| ब.शी.नं | पेश्की गएको भौचर र मिति | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की बांकी रकम |
|---|---|---|---|---|
| स्वास्थ्य तर्फ | १-०७४/५/२० | स्वास्थ्य संयोजक नन्दलाल महत्तो | स्वास्थ्य सम्वन्धी विभिन्न कार्यक्रम | १५१०००.०० |
| | २-०७४/५/२० | | | १२६७०००.०० |
| | | | | १४१८०००.०० |

| | | |
|---|---|---|
| १९ | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २० | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।नगरपालिकाले सडकको ट्र्याक खोल्ने र विस्तार गर्न यस वर्ष उपभोक्ता समितिबाट एक्साभेटर मात्र प्रयोग गर्ने गरी कार्य गराई रु ४ करोड ३० लाख ३९ हजार भूक्तानी दिएको देखियो । जनश्रमदान नहुने मेशिनद्वरा गर्नु पर्ने कार्यमा उपभोक्ताले मेशिन र इन्धनको विल, अप्रेटरको ज्याला मात्र खर्चका विल संलग्न गरेको छ । उक्त कार्यमा नगरपालिकाले आफ्नो डोजर प्रयोग गरी आम्दानी गरेको समेत देखिएन । उक्त कार्य निर्माण व्यावसायीद्वारा प्रतिस्पर्धा गराई गराउनु पर्दछ । | |
| २१ | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था बमोजिम नगरपालिकाले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो वमोजिम कर्मचारी कल्याण कोष खडा गरेको देखिएन । | |
| २२ | **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र | |

| | | |
|---|---|---|
| | भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । नगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष रु १०२२७९३।०० असुल गरेको छ । नगरपालिकाको आर्थिक ऐन २०७४ को दफा ७ मा अनुसुचि (६) बमोजिम सवारी साधन कर असूल उपर गरिने भनेता पनि ऐन अनुसार नगरपालिका क्षेत्र भित्र रहेका सवारीसाधनको लगत राखि कर असूल गर्ने गरेको देखिएन । | |
| २३ | **मनोरञ्जन कर**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रर्दशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । नगरपालिकाकोआर्थिक ऐन २०७४ को दफा ९ मा अनुसुची ८ बमोजिम मेला महोत्सव लगायत अन्य मनोरन्जन कार्यक्रमा उठेको कूल आयको १० प्रतिशतका दरले मनोरञ्जन कर असूल गर्ने भनेता पनि यस वर्ष नगरपालिकाले विभिन्न सास्कृतिक कार्यक्रम र मेला महोत्सवमा खर्च गरेता पनि ति बाट कर असूल गरेको देखिएन । आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यसमा छानविन गरि नगरपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २४ | **पुंजीगतबाट चालु खर्च:** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालीकाको कार्यालयले यो वर्ष चालु प्रकृतिका देहायका खर्च पुजिगत वजेटमा समावेश गरि रु ८६९४७७३।०० खर्च लेखेको छ । यसरी चालु प्रकृतिका खर्च पूँजिगत वजेटमा समावेश गरी खर्च गर्ने कार्य नियम सम्मत देखिएन । अतः चालू प्रकृतिका खर्च चालू वजेट शिर्षकमा समावेश गरि वजेट खर्च लेख्नु पर्दछ । परीक्षण गरीएका निम्नानुसार गो.भौ.बाट चालू प्रकृतिको खर्च पूजिगतबाट लेखेको रु ८६९४७७३।०० नियमित नदेखिएको रु | |

| गो.भौ. | विवरण | रकम |
|---|---|---|
| २१४ | मेला व्यवस्थापन खर्च | ५९५२०.०० |
| ४२९ | महिला व्यवस्थपन कार्यालय व्यवस्थापन | २७१५१.०० |
| ४०९ | सहिद स्मृति नमुना मा.वि. व्यवस्थापन खर्च | १४२५०००.०० |
| ४१० | सहिद स्मृति पाठयपुस्तक खर्च | ४७०७१.०० |
| ३०९ | सहिद स्मृति घरभाडा | ८८७०९.०० |
| ३४४ | १–३ का ६१ विद्यालय पाठ्पुस्तक र पोशाक | ४१३२३३७.०० |
| ४४८ | कृटयम ार्टका करार कर्मचारी तलव | ३६००००.०० |
| ४६२ | गाउँघर ल्कीनिकका करार तलव | ३६००००.०० |
| १२५ | गाउँघर ल्कीनिकका करार तलव | १२२०४००.०० |
| ४६४ | २ विद्यालयलाई विद्यालय पोशाक | ९४८९५.०० |
| ५० | मेला व्यवस्थापन | ७०८३३०.०० |
| ४८० | मेला व्यवस्थापन | १७१३६०.०० |
| | **जम्मा रु** | **८६९४७७३.००** |

| | | |
|---|---|---|
| २५ | **३७२।२०७५।०३।२५–**<br>**बढी भुक्तानी :–** सार्वजनिक खरिद नियमावली नियम ९७ मा उपभोक्ता वा लाभग्राही समुयाले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित सार्वजनिक नियकालयले छानवित गरी त्यस्तो पदाधिकारी लाई दामासाहिले सरकारी बाँकी सरह असुल उपर गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले कृषि व्यावसायिक तथा प्रर्वधन समिति ११ लाई सुन्तला ,आँप र अनारको विरुवा खरिद वितरण कार्यवापत रु ३ लाख भूक्तानी गर्दा खरिद गरिएको विरुवाको विलमा संख्या र रकम सञ्चाई ठेगाना उल्लेख नभएको नाम मात्र उल्लेख गरेको वितरण भरपाई संलग्न गरेको देखियो । २०७५।०२।१६ को समितिको निर्णयले सुन्तलाको विरुवा १ हजार खरिद गरी ल्याउने र २०७५।०२।१८ को निर्णयले सुन्तला तर्फको लागत अनुमान ३०,०००।०० स्वीकृत गरेकोमा पेश भएको खरिद बिल प्राङ्गारीक सुन्तला तथा तरकारी उत्पादन कृषक समूह आठबीसकोट–८ को च.नं. ५७–२०७५।०३।१२ पत्र बाट उक्त समिति लाई १००० विरुवाको प्रति विरुवा २० को दरले रु. २० हजार बुझिलिई विरुवा उपलब्ध गराएको भनी उल्लेख गरेकोमा सोही पत्रमा विरुवा संख्या ५००० र रकम अंक र अक्षर दुवैमा २०,०००।०० को ठाउमा ९० हजार बनाई किर्ते गरी रकम भुक्तानी गरेको देखिएकोले नियमावली अनुसार छानवीन गरी असूल उपर गर्नु पर्ने रु. | ७०,०००.०० |

| | | |
|---|---|---|
| २६ | **आर्थिकसाहायता:**कार्यालयले समानीकरण पूंजीगत खर्च शीर्षकबाट खर्चको विल भरपाई राखि बाल कल्याण समितिलाई रु १५००००।०० र विपत राहत वापत ८१ जना स्वास्थ्य रोगीलाई रु ६२३०००।०० आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । पूंजिगत शिर्षकबाट आर्थिक सहायता दिएको नियमित नदेखिएको रु........................... | |
| २७ | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले सुत्र सफ्टवयर प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिमको विद्युतिय लेखा राखेको देखिएन । | |
| २८ | **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कार्यालयले सो बमोजिम सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण गरेको देखिएन । जसबाट संचालित योजना तथा कार्यक्रमको स्थिति मूल्यांकन गर्न सकिएन । | |
| २९ | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष योजना वनाउँदा प्राथमिकरण तथा मध्यम र दिर्घकालिन प्रकृतिका आयोजनाको सूचि तयार गरी कार्यान्वयन गरेको देखिएन । | |
| ३० | **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (४) मा ढुवानीको लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकायले जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा लागत अनुमान स्वीकृत गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार गो.भौ.बाट एकमुष्ट ढुवानी वापतको रु ११४८८७१।०० भुक्तानी गरेकोमा नियमानुसार लागत अनुमान स्वीकृत नगरेकोले नियमित नदेखिएको रु........................ | |

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ.नं | कार्यक्रम | भाडा भूक्तानी |
|---|---|---|---|---|
| १ | पूंजिगत | ४१ | इमेल इन्टर नेट सेवा | १०००००.०० |
| २ | | ४९० | | १६००००.०० |
| ३ | | ४६ | पाइप खरिद | १३३५७१.०० |
| ४ | | २०६ | कम्प्यूटर सोलार खरिद | ४८०००.०० |
| ५ | | ५०८ | पशुसेवा कार्यक्रम | १५०००.०० |
| ६ | | ५११ | विरुवा खरिद वितरण | ९८५००.०० |
| ७ | | ३९९ | | २१०४००.०० |
| ८ | | ३७२ | | ४२००.०० |
| ९ | | ३८५ | चिस्यान घर निर्माण | ६३०००.०० |
| १० | | १७२ | सामान खरिद | २०९००.०० |
| ११ | | १३६ | सूर्योठयम ।.वि घेरावार | २२७५००.०० |
| १२ | | १२७ | मागाखोला खा.पा. | ३००००.०० |
| | | | जम्मा रु | ११४८८७१.०० |

| | | |
|---|---|---|
| ३१ | **लेखापरीक्षण:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । यस वर्ष नगर कार्यापालिकाको कार्यालयले आन्तरीक लेखापरिक्षण गराई प्रतिवेदन लिएको देखिएन । | |
| ३२ | **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न योजनामा संझौता अनुसारको भन्दा घटी कार्य मूल्यांकन भएकोमा अनुपातिक कट्टि नगरेको र श्रमदान नै नराखी भुक्तानी गरेको देखियो । उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा श्रमदान नभई बढी भुक्तानी भएको रकम असुल गरि संघीय संचितकोष दाखिला गर्नुपर्ने रु................ | |

| ब.उ.शी.नं. | भौ.नं. र मिति | योजनाको नाम | संझौता रकम | कर्यालयले व्हार्ने रकम | कार्य सम्पन्न रकम | भुक्तानी हुनुपर्ने रकम ३ प्रतिशत कन्टे. कट्टि | भुक्तानी भएको रकम | बढी भुक्तानी | |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गरी | | |
| नगरपालिका पूँजीगत | ४५५ | ढल निर्माण उ.स. वडा नं ९ | ७७२४३५५.०० | ५७९३२६६.०० | ४४९८१६ | ३३७३६१३.०० | ३४१८६०५.० | ४४९८१.०० |
| | ४७३ | घारीखोला भ्याउने र दाजे सडक | ३२०२२९.०० -ल.ई.अनुसार) | ०० | ५३२०२२९ | २८८२०६.००-न्यूतम १० प्रतिशत श्रमदान कट्टि गरी) | ३०४२१७.०० | १६०११.०० |
| | | | | | | | **जम्मा रु** | ६०९९२.०० |

३३ **बील भर्पाइ बेगरको खर्च:** आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम ३६ (३) र (८) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तल उल्लेखित बजेट उपशिर्षक बाट संचालित बिभिन्न कार्यकमहरुको देहाय अनुसारका व्यक्ति तथा सस्थाँ लाई भुक्तानी गर्दा नियमवाली अनुसार खर्चको बिल भरपाई प्राप्त गरी रीतपुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्नेमा सिधै रु १८९१००८।०० बजेट खर्च लेखेको देखिएकाले उक्त खर्च गर्ने कार्य नियमसम्मत नभएको हुदाँ प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु........

| **ब.उ.शि.न** | **गो.भौ.न** | **व्यक्ति तथा सस्था** | **बिवरण** | **रकम रु** | **कैफियत** |
|---|---|---|---|---|---|
| नगरपालिका पूजिगत | विभिन्न | विभिन्न | गाउँघर ल्कीनका कार्यालय सामान | ६३९४५४.०० | टेवुल, पलाङ्ग, कुर्सि जस्ता सामान खरिदको भूक्तानी गरेको जिन्सि आम्दानी प्रमाण नभएको |
| | १२३ | चौरजहारी अस्पताल | अप्रेशनका विरामीको उपचार | ५०८००५.०० | प्रति विरामी २७ हजारका दरले १९ जनाको र ७ जनाको स्वास्थ्य परिक्षण र औषधी उपचार वापत दिएकोमा खर्चका विल भरपाई र संझौता अनुसार प्रतिवेदन पेश नभएको |
| | ४०० | कृषि औजार खरीद उ.स. | कृषि सामाग्री खरिद वितरण | १२८००.०० | मकै छोड्याउने मेशिन ६३ खरिद गरेकोमा ४ वटा को विवरण नभएको |
| | ३६० | सास्कृतिक पर्यटन विकास कोष | रणनैतिक योजना | ७४७८.०० | मु.अ.कर वापत रु ६५०००।०० भूक्तानी भएको घटी रकमको कर विजक |
| | २५४ | यूवा शशक्तिकरण केन्द्र | ड्राइभिङ्ग तालिम गाडीभाडा | १५००००.०० | विल भरपाई नभएको |
| | १८८ | निशुल्क स्वास्थ्य शिविर | औषधी खरिद | ५७३२७१.०० | आम्दानी र खर्चको अभिलेख नभएको |
| | | | **जम्मा रु** | १८९१००८ | |

३४ **सोझै खरिद:** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा बार्षिक खरिद योजना वनाएको छैन । कर्यालयले सवारी साधन र एच.डि.पि.पाइप खरिद बाहेक अन्य कार्यालय सामान मेशनरी औजार र औषधी खरिद कार्य पटक पटक सोझै गरेको देखियो । यसरी प्रतिस्पर्धामा सिमित हुने गरी पटक पटक खरिद गर्ने कार्य नियम सम्मत नभएको रु..............

| **बजेट उपशिर्षक** | **गो.भौ.** | **बिबरण** | **सप्लायर्स** | **रकम रु** |
|---|---|---|---|---|
| पूजिगत | १९ | औषधी खरिद | द राइजिङ्ग ट्रेडर्स, काठमाण्डौ | ३२५४४०.०० |
| | ५४ | | कृष्ण इन्टरनेशनल धापाखेल ल.पु. | ४९८३५७.०० |
| | ७० | | | ९९९९८८.०० |
| | ५४ | | कमला इन्टरनेशनल धापालेल ल.पु | २०५०९४.०० |
| | ७० | | | १९९९०४.०० |
| | ७१ | | | ७९९९९६.०० |
| | ५४ | | कमला मेडिसिन डिष्ट्रीव्यूर्टर्स सुर्खेत | ४९६५५०.०० |
| | १९ | | अफिस मेटेरियल्स सिष्टम काठमाण्डौ | १८०४६१.०० |
| | ५२ | | | १२२०४०.०० |
| | ४३० | सर्जिकल सामाग्री | समरा इन्टरप्राइजेज प्रा.लि. काठमाण्डौ | ४९५३७९.०० |
| | ४३० | | न्यू भण्डारी सर्जिकल हाउस काठमाण्डौ | १३६७३०.०० |
| | २८६ | मोटर साइकल | ड्रिम ल्याप ट्रेडर्स प्रा.लि. | ६५९७००.०० |
| | ४६९ | | असिम अटोपार्टस सुर्खेत | २४९३३०.०० |

| | | | | |
|---|---|---|---|---|
| | १४८ | औषधी उपकरण | न्यू भण्डारी सर्जिकल हाउस | ३४३१६२.०० |
| | १४९ | | यूरिक ट्रेडर्स एण्ड सप्लायर्स | ४९३२४५.०० |
| | १५० | | मेनका इन्टर प्राइजेज | ४९९४६०.०० |
| | ४११ | ल्यापटप् डेस्कटप प्रिन्टर | आभास कम्प्यूटर ट्रेडलिंक नेपालगञ्ज | ११६६९९.०० |
| | ४८८ | | ग्लोवल भिडिया एण्ड मल्टीपल विजनेश काठमाण्डौ | ६१५७३७.०० |
| | ४८७ | | इन्नोभेटिभ मेडिया एण्ड मल्टीपल विजनेश प्रा.लि. | २६०७७०.०० |
| | | | **जम्मा रु** | **७६९७९४२.००** |

| | | |
|---|---|---|
| ३५ | **अग्रीम आय कर–:** आयकर ऐन, २०५८ को दफा ८७मा भत्ता भूक्तानीमा १५ प्रतिशत र दफा ८८ (१) अनुसार ढुवानीमा १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा यस कार्यालयले निम्नानुसार भुक्तानी गरेकोमा कर कट्टा गरेको नदेखिएकाले ऐन अनुसार कट्टा गरी रु. ८४६७०।००संघिय संचित कोष खातामा दाखिला गर्नु पर्ने रु | ८४६७०.०० |

| बजेट उपशीर्षक | गो.भौ. | बिवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|
| नगरपालिका पूजिगत | ४८० | मेला व्यवस्थापन फोटो ग्राफर पारिश्रमिक | ८००००.०० | १२०००.०० |
| | ५०२ | निरिक्षक भत्ता | १९७८००.०० | २९६७०.०० |
| | ५०२ | ढुवानी भाडा | १००००.०० | १०००.०० |
| | १८८ | निशुल्क शिविर डाक्टरले ६ जनाको पारिश्रमिक | २८००००.०० | ४२०००.०० |
| | | **जम्मा रु** | **५६७८००.००** | **८४६७०.००** |

| | | |
|---|---|---|
| | **शिक्षा तर्फ** | |
| ३६ | **पाठयपुस्तक निकसा–:** शिक्षा बिभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ मा बिद्यालयलाई पाठयपुस्तकको रकम प्रमाणित बिद्यार्थी संख्याको आधरमा दोस्रोचौमासिकमा ७५ प्रतिशत र बाँकी २५ प्रतिशत रकम बैशाख बाट शुरु हुने शैक्षिक सत्रको बिद्यार्थी भर्ना भएको बिबरण, पाठयपुस्तक खरिद र बितरण गरेको आधारमा नपुग रकम मात्र थप निकासा दिने व्यवस्था छ । कार्यालयले यस नगरपालीका भित्रका ५५ वटा बिद्यालयलाई पाठयपुस्तकको रकम दास्रो चौमासिकमा ७५ प्रतिशतले हुने रु २९१८५९३७।०० र बाँकी २५ प्रतिशत हुने रकम रु ११०१७२८।०० बैशाख बाट शुरु हुने शैक्षिक सत्रको बिद्यार्थी भर्ना भएको बिबरण,पाठयपुस्तक खरिद र बितरण गरेका प्रमाणित बिबरण हरु बिद्यालयबाट प्राप्त भएपछि मात्र निकासा दिनुपर्नेमा दोस्रो चौमासिक पुरै रकम निकासा दिई खर्च लेखेको छ । यसरी कार्यक्रम निर्देशिका बिपरित नयाँ शैक्षिक सत्रको अद्यावधिक बिद्यार्थी संख्या, पाठयपुस्तक खरिद र बितरण गरेका प्रमाणित कागजात प्राप्त नहुँदै निकासा दिनेकार्य नियमित नभएकाले उक्त प्रमाणहरु पेश गरी निकासा एकिन गर्नुपर्ने रु........... | ११०१७२८.०० |
| ३७ | **सामाजिक परीक्षण–:** शिक्षा बिभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ मा बिद्यालयलाई सामाजिक परीक्षणको लागि विद्यालय संचालनको आधारमा रु १००००।०० का दरले निकासा दिने र बिद्यालयले शिक्षकको -तलब भत्ता) दोस्रो चौमासिक निकासा लिदाँ अनिवार्य रुपमा सामाजिम लेखापरीक्षणको प्रतिबेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले ६३ वटा बिद्यालयलाई सामाजिक परीक्षणबापत रु ४५००००।०० निकासा दिएकोमा सामाजिक परीक्षणको प्रतिबेदन पेश नभएकाले पेश गर्नुपर्ने रु...... | ४५००००.०० |
| ३८ | **बिल भरपाई–:** १०।०७४।१२।२७ शिक्षा बिभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ अनुसार यस कार्यालयले ३ वटा उच्च माध्यामिक बिद्यालयहरु लाई पाठयपुस्तक खरिदको लागि रु २५०००।०० दरले रु ७५०००।०० निकासा दिएकोमा बिद्यालयले पुस्तक खरिदको बिल भरपाई र जिन्सी आम्दानी गरेको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु....... | ७५०००.०० |
| ३९ | **२६–०७५।३।४**<br>शिक्षा बिभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ मा उत्कृष्ट सामुदायिक सिकाई केन्द्र छनौट गरी,छनौट भएको केन्द्र सगँ बिद्यालय बाहिरका बालबालिकालाई सिकाई कियाकलाप संचालन गर्ने बिस्तृत कार्यक्रम सहितको प्रस्ताब माग गर्ने , प्रस्ताब मूल्यांकनगरी रु २ लाख बजेट | |

| | | |
|---|---|---|
| | उपलब्ध गराउने र केन्द्रले स्वीकृत प्रस्ताब अनुसारका कार्यक्रम संचालन गरी सोको प्रतिवेदन सम्बन्धित स्थानिय तहमा नियमित उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले सिकाई केन्द्रको छनौट, प्रस्ताब माग तथा प्रस्ताबको मूल्यांकन नगरी ठूलिभेरी सामुदायिक अध्ययन केन्द्र आठविसकोठ सिधै रु २०००००।०० निकासा दिएको देखिएकाले उक्त अध्ययन केन्द्रले संचालन गरेका कियाकलाको प्रगति प्रतिबेदन र लेखापरीक्षण प्रतिवेदन पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने रु.............. | २०००० 0.00 |
| ४० | **घटि पाइप जडान गरेको:** नगरपालिकाले उपभोक्ता समितिसँग खानेपानी तथा सिंचाईको पाइप खरीद गरी पाइप खन्ने पुर्ने र जडान गर्ने कार्य समेतको सम्झौता गरी भूक्तानी गर्दा खरीद गरेका पाइप पुरै जडान नभएको अवस्थामा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) बमोजिम मौज्दात रहेका पाइपको मूल्य कटाई वा विच्छाइएका पाइपको मात्र खरिद मूल्य दिनु पर्नेमा निम्नानुसार खरिद गरेको परिमाण भन्दा घटी पाइप जडान गरिको अवस्थामा समेत संभ्फौता अनुसारको पुरै रकम भूक्तानी गरेको देखिएकोले बढी भूक्तानी भएको रु ११६३१०५।०० असुल हुनु पर्ने रु .... | ११६३१०५.०० |

| सि.नं. | ब.उ.शि.नं | गो.भौ. नं | योजनाको नाम | पाइप खरीद परिमाण मिटर | खन्नु पर्ने परीमाण मिटर | मौज्दात परिमाण मिटर | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको पूँजिगत | ६६ | पाना कुना चौकी खा.पा. | ५७५० | ३००० | २७५० | ३३.५० | ९२१२५ |
| २ | | ४५६ | निरखोला गिजा भेदखोर सा.सिंचाई ९ | १५०० | ९५० | ५५० | ९४.३६ | ५१८९८ |
| ३ | | ४७८ | विजोर धौलाकोट खा.पा. | ६२०० | ३२५० | २९५० | ३७.८६ | १११६८७ |
| ४ | | २६९ | सिचाइपाइप ७ | २३०० | १५३० | ७७० | २५.९९ | २००१२ |
| ५ | | ३८४ | सनासातपाखा कैना हुदै पर्सिला सिंचाई | ४७०० | ७५० | ३९५० | ३७.८६ | १४९५४७ |
| ६ | | ३९७ | गुणपानी सि.यो. ८ | ६००० | १७५० | ४२५० | ५७.०७ | २४२५४७ |
| ७ | | ३९० | खर्चिढुङ्गा ताउले वगरमूल संरक्षण | १००० | ७०० | ३०० | ३७.८५ | ११३५५ |
| ८ | | ३०६ | जलाधार संरक्षण समिति ११ | २००० | १५०० | ५०० | ३७.८५ | १८९२५ |
| ९ | | २८८ | जलाधार संरक्षण जल उ.स ७ | १४०० | १३०० | १०० | ५७.०७ | ५७०७ |
| १० | | ३३१ | खा.पा. तथा सरसफाई उ.स. ११ | १७३२० | ११२०० | ६१२० | ३७.८६ | २३१७०३ |
| ११ | | १५४ | गोगनपानी पोखरा कृषि सिंचाई | ५४०० | २९०० | २५०० | ५७.०७ | १४२६७५ |
| १२ | | १२६ | मित्रखोला तल गिजा कृषि सिंचाई | १६०० | ६०० | ९०० | ९४.३६ | ८४९२४ |
| | | | | | | | **जम्मा** | ११६३१०५ |

| | | |
|---|---|---|
| ४१ | स्वास्थ्य तर्फ | |
| | ५१०–०७५।३।३२ | |
| | **आमा सुरक्षा कार्यक्रम:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा कुनै रकमको भूक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने व्यावस्था छ । नगरपालिकाले निम्न स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुलाई यातायात खर्च र संस्था अनुदान वापत स्वास्थ्य संयोजक मणिराज साहको रु ८३३०००।०० पेश्किफछ्र्यौट गरेकोमा प्रोत्साहन खर्च माग गरेको विवरण अनुसुचि १० र यातायात खर्च भूक्तानीको भरपाईमा फरक व्यहोरा उल्लेख भई वढी भूक्तानी भएको तथा जटिल केश भनी भूक्तानी भएकोमा सुत्केरी भर्ना कार्डमा जटिल हुनाको करण उल्लेख गरी सम्वन्धित स्वास्थ्य कर्मिबाट प्रमाणित भई नआएको देखिएकोले प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल हुनु पर्ने रु...................... | १८००००.०० |

| क्र.सं. | संस्थाको नाम | लाभग्राहीको नाम | प्रसुति दर्ता नम्वर | बढी भूक्तानी | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | आठविस कोट स्वास्थ्य चौकी | सुनिता के.सी. | १५५-०७४/११/४ | २००० | यातायात खर्च बुझेको भरपाईमा सामान्य सुत्केरी भएकोमा अनुसुची १० मा जटिल माग गरी भूक्तानी भएको |
| २ | | सृजना वि.क | १५३-०७४/११/२ | २००० | |
| ३ | | सुनिता खत्री | १६१-०७४/११/१३ | २००० | |
| ४ | | सपना चदरा | ८०-०७४/७/२२ | २००० | |
| ५ | गौताम कोट स्वास्थ्य चौकी | तुलसा विक | २२-०७४/७/५ | २००० | |
| ६ | | जटिल ७ जना | विभिन्न | १४००० | जटिल प्रसूतिको भर्ना कार्डमा करण जनाई प्रमाणित नभएको |
| ७ | आठविस कोट स्वास्थ्य चौकी | विभिन्न जटिल ७६ | | १५२००० | |
| ८ | घोत्मा स्वास्थ्य चौकी | जटिल २ | | ४००० | |
| | | जम्मा रु | | १८००००.०० | |

४२ **रीतपूर्वकको कर विजक :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढांचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्रअनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नु पर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । निम्न भौचर र मितिवाट निम्न फर्महरुले कर विजक र विजक नम्बर कम्प्यूटर प्रिन्ट गरी पेश गरेको र सोही कर विजकवाट निम्नानुसार भुक्तानी लिएको पाईयो । रितपूर्वकको कर बिजक जारी नगरी मु.अ.कर समेत भुक्तानी लिएको रकमको सम्वन्धमा मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नु पर्ने रु १६१५१२.००

| **व.उ.शी.नं.** | **गो.भौ.नं.** | **विवरण** | **भूक्तानी पाउने व्यक्ति , संस्था वा व्यावसायी** | **भूक्तानी रकम** | **मु.अ.कर रकम** | **मिति र कर विजक नम्वर** |
|---|---|---|---|---|---|---|
| नगरपालिका पूँजिगत | ४९४ | सामग्री खरिद | दिनेश इम्पेक्स (६०५७७६८१०) | ३५४५३७.०० | ४०७८७.०० | ०७५।३।२३ कर विजक नम्वर ४५ र ४६ ठेगना उल्लेख नभएको कर विजक |
| | ५७ | एम्वुलेन्स खरिद | सिप्रदी ट्रेडिङ्ग प्रा.लि. | १०४९३८० | १२०७२५.०० | कर विजक नभएको |
| | | **जम्मा रु** | | **१४०३९१७.००** | **१६१५१२.००** | |

**सामाजिक सुरक्षा तर्फ**

४३ **लाभग्राहीको विवरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा १२ मा नाम दर्ता र नविकरणबाट आगामी आर्थिक वर्षका लागी कायम हुन आएको लाभग्राहीको संख्यात्मक विवरण एम.आई.एस.लागू भएका जिल्लाका नगरपालिकाले एम.आई.एस. मा नाम दर्ता तथा प्रमाणिकरण र नविकरण गरी अनुसुची ७ बमोजिमको एम.आई.एस. प्रतिवेदन माघ मसान्त भित्र र सो विवरण अध्यावधिक गरी अनुसूची ८ बमोजिमको ढाँचामा प्रत्येक चौमासिकमा विभागमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यविधिले तोके वमोजिमको विवरण विभागमा पठाएको देखिएन । कार्याविधिले तोके बमोजिमको समयममा एम.आई.एस.विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नु पर्दछ ।

४४ **वितरण व्यवस्था:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा १५ मा नगरपालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेवाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ता भित्र भूक्तानी गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाले सो अनुसार लाभग्राहीलाई भत्ता वितरण गरेको देखिएन । नगरपालिकाले यो वर्षको प्रथम चौमासिक र दोश्रो चौमासिक असारसम्ममा र तेश्रो चौमासिक भत्ता असारको ३२ गते सम्म वितरण गरेको देखियो । कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नु पर्दछ ।

४५ **पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा ३० बमोजिम गाउपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामनामिसी गाउपालिकाको वेभसाइटमा राखेको

| | | |
|---|---|---|
| | देखिएन । | |
| ४६ | लेखापरीक्षण योजनानुसार छनौटको आधारमा बढी निकासा भएको वडा नं ११र पाँचौ बढी निकास भएको वडा नं. ९ को प्रथम, दोस्रो र तेस्रो चौमासिक निकासा को मुल अभिलेख र भर्पाइ भिडान गर्ने सम्बन्धमा पेशिक फछ्र्यौट भएको आधारमा मूल अभिलेख र भर्पाई भिडान गर्दा बढी भुक्तानी भएको, मुल अभिलेख मा नभएको व्यक्तिको नाममा भर्पाई पेश भएको देखिएको छ । अन्य निकासा तथा खर्च रु २८६९७५००।०० सम्बन्धमा सम्वधित निकायले आवश्यक छानविन गरि बढि भुक्तानी भए नभएको, लाभग्राहीले प्राप्त गरे नगरेको, छानविन गरि यर्थाथता यकिन हुनु पर्दछ । परीक्षणबाट देखिएको निम्नानुसार भुक्तानी भएको रकम असुल हुनु पर्ने रु... | १८१२००.०० |

| सि.नं | नाम थर | वडा | जन्ममिति | ना.प्र.नं | रकम | प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तरी दमाई | ९ | २००६ | १६६२/२२५ | ४०००.०० | जेष्ठ दलित | लगतमा नभएको, (प्रथम चौमासीक) |
| २ | खकले दमाई | | २०११ | १३६/१०८५ | ४०००.०० | | |
| ३ | सन्तकी दमाई | | २००८/१/२ | ५६३०३६/१०२४ | ४०००.०० | | |
| ४ | विरमा दमाई | | - | - | ४०००.०० | | छुट भनि दिदा दोहोरो परेको -प्रथम चौमासीक) |
| ५ | खकले दमाई | | २०११ | - | ४०००.०० | | लगतमा नभएको, (प्रथम चौमासीक) |
| ६ | भद्री दमाई | | २०३०/१२/३० | - | ४०००.०० | | छुट भनि दिदा दोहोरो परेको -प्रथम चौमासीक) |
| ७ | खिउरी कुसारी | | २००४/२/१५ | ५६१०३६/१७२ | ४०००.०० | एकल महिला | लगतमा नभएको, (प्रथम चौमासीक) |
| ८ | लीला कुमारी शाही | | २०१५ | २४९१/२४१५ | ४०००.०० | | |
| ९ | मन कुमारी शाही | | २०१७ | २३३१/१३०० | ४०००.०० | | |
| १० | कमला देवी चन्द | | २०२९/११/१६ | २१८/०६५/१६६४ | ४०००.०० | | |
| ११ | विना कुमारी दमाई | | २०३८ | २१६/०२२/१६०१ | ४०००.०० | | |
| १२ | अमृता कुमारी शाही | | २०१४ | २०४४/१२/५ | ४०००.०० | एकल महिला | नागरीकता नम्वर (प्रथम चौमासीक) नमिलेको |
| १३ | तली वटला | | २०२३/१/२० | २०६३/११२ | ४०००.०० | एकल महिला | लगतमा नभएको, (प्रथम चौमासीक) |
| १४ | मन कुमारी वटाला | | २०१८/२/१२ | ०७०/१३१ | ४०००.०० | | |
| १५ | शशली कुमारी खत्री | | ०१८/१२/९ | ०६६/३१२ | ४०००.०० | | |
| १६ | हिरा नेपाली | | ०६९/४/१६ | - | ४००.०० | दलित वालवालिका | |
| १७ | निराजन कामी | | ०७०/१०/१२ | - | १६००.०० | | |
| १८ | नन्न कुमारी शाही | | २००१ | १०४६९/२३६४ | ८०००.०० | जेष्ठ अन्य | |
| १९ | दिप कुमार शाह | | २००२ | २१७५/२२८७ | ८०००.०० | | |
| २० | तेज कुमारी शाही | | २००१ | २२६७/२२७२ | ८०००.०० | | |
| २१ | लक्ष्मी कुमारी शाही | | २००१/१/१० | १७९७/२३७० | ८०००.०० | | |
| २२ | पैला चन्द | | २००१ | १८०७/२३७८ | ८०००.०० | | |
| २३ | तिलु वहादुर चन्द | | २००३ | ५६३/१८५५० | ८०००.०० | | |
| २४ | गंगा कुमारी गौतम | | १९९६ | २१२०/१७३५ | ८०००.०० | | |
| २५ | मैमी कुमारी खत्री | ९ | २००३ | ५६३०३२/४९१ | ८०००.०० | | |
| २६ | मनसरी वली | | २००४ | - | ४०००.०० | जेष्ठ अन्य | एकल महिलामा पनि भूक्तानी भएकोले दोहोरो भएको -प्रथम चौमासीक) |
| २७ | सन्ध्या परीवार | | ०७२/९/३ | - | १६००.०० | दलित वालवालिका | लगतमा नभएको, (प्रथम चौमासीक) |
| २८ | वर्षा परविार | | ०७२/६/१५ | - | १६००.०० | | छुट भनि दिदा दोहोरो परेको -प्रथम चौमासीक) |
| **जम्मा रु** | | | | | १३६८००.०० | | |
| २९ | परविर सिंह ठकुरी | | २००१/०१/०१ | १०९१/३११७ | ८०००.०० | जेष्ठ अन्य | लगतमा नभएको, (प्रथम चौमासीक) |
| ३० | मीने कामी | | २०१२ | १०५४/११०९ | ४०००.०० | जेष्ठ दलित | |
| ३१ | शशिलि खड्का | ११ | २००९/१/१ | ९७६/२२१० | ४०००.०० | एकल महिला | |
| ३२ | धनसरी कामी | | २००४/१/१ | १३५२/८१८ | ४०००.०० | | |
| ३३ | पिमाकली | | २०१८ | १३२/०९८ | ४०००.०० | | |
| ३४ | धनी पुन | | २०१३ | ५४३२/००३४ | ४०००.०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५ | गोफले पुन | | २००१/०१/०१ | ६६२-१५७४ | ८०००.०० | जेष्ठ अन्य | प्रथम किस्ताको छुट भनि दिदा दोहोरो परेको -दोश्रो चौमासिकमा वितरण गरेको) |
| ३६ | छितिज वावु सिपांली | | २०७२-१-२ | - | ३२००.०० | दलित बालबालिका | लगतमा नभएको, (प्रथम र दोश्रो चौमासीक) |
| | मुना वि.क | | २०७०-०४-२४ | - | ३२००.०० | | |
| | पुष्पा विक | | ०६९/०७/०६ | - | १६००.०० | | भत्ता नपाउने ५ वर्ष पूरा भएको -दोश्रो चौमासिक वितरण) |
| | दीपक कामी | | ०६९/०८/११ | - | १२००.०० | | ३ महिनाको भत्ता नपाउने ५ वर्ष पूरा भएको -दोश्रो चौमासिक वितरण) |
| | सुष्मा विक | | ०७२/४/२८ | - | १६००.०० | | दोहोरो परेको -तेश्रो चौमासिकमा वितरण गरेको) |
| | ललिता सार्की | | २००३/१/२६ | - | १६००.०० | | |
| | | | | **जम्मा रु** | ४४४००.०० | | |
| | | | | **कूल जम्मा रु** | १८१२००.०० | | |

४७ **पेश्की**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा सरकारी कामकाजको निमित दिइएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने व्यवस्था छ । नगरपालिकाले यस वर्ष निम्नानुसार व्यक्ति तथा उपभोक्ता समूहलाई दिएको पेश्कि जुन प्रयोजनका लागि दिएको हो सो कार्य सम्पन्न भई अन्तिम भूक्तानी गर्दा कट्टि गर्नु पर्नेमा कट्टि नगरी बाँकी नै रहेको देखिएकोले उक्त पेश्कि रकम नियमा ७७ बमोजिम असूल गरी संचित कोष दाखिला हुनु पर्ने रु ...................... १०७२०००.००

| पेश्की गएको भौचर र मिति | पेश्की लिनेको नाम | पेश्की बांकी रकम |
|---|---|---|
| ०७४/११/२२ | बसेरा खदी सडक | ६१४०००.०० |
| ०७४/२/२९ | ठूलाकोट तालिम केन्द्र भवन | ३०००००.०० |
| ०७५/३/११ | दिपज्योति आधारभूत विद्यालय | १५६०००.०० |
| ०७४/७/१४ | टेक वहादुर चन्द | १०००.०० |
| ०७५/१०/२८ | रतिभान वि.क. | १०००.०० |
| | **जम्मा रु** | **१०७२०००.००** |

४८ **ऋण अनुदान र शेयर लागानी** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ८ मा नेपाल सरकारले प्रदेश तथा स्थानिय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको शिफारीस स्थानिय तहलाई वित्तिय समानिकरण अनुदान वितरण गर्ने र उपदफा (२) मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो श्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानिय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन बमोजिम आयोगको सिफारीसमा वित्तिय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था छ। दफा २८ मा यस ऐन वा प्रचलित कानुन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदानबाट लक्षित वर्गको क्षेत्रका लागि वचत तथा ऋण सहकारी संस्थामा संस्थागत शेयर निर्माण वापत नगरसभाबाट रु ३५ लाख विनियोजन गरी आठविसकोट वचत तथा ऋण सहकारी संस्थालाई १४ वटै वडाका शेयर सदस्यलाई ऋण प्रवाह गर्न ऋण अनुदान वापत रु ३८४००००।०० र शेयर निर्माण अनुदान वापत रु ३३६५०००।०० गरी कूल रु ७२०५०००।०० अनुदान दिएको देखियो। ऐन अनुसार प्रदेश कानुन बमोजिम प्रदेश सरकारले मात्र अनुदान दिन पाउनेमा नगरपालिकाले आठविसकोट नगरपालिका उद्यम तथा उद्यमशिलता प्रर्वधन कोष तथा व्यवस्थापन ऋण तथा अनुदान प्रवाह सम्वन्धि कार्यविधि २०७४ र सहकारी ऐन ०७४ स्वीकृत गरी केन्द्रिय सरकारबाट प्राप्त अनुदानबाट पुनःअनुदान दिएको छ। दफा २८ बमोजिम अनुदान बाट पुन अनुदान दिन मिल्ने नदेखिएको हुँदा नगरपालिकाले आन्तरीक आयबाट मात्र अनुदान दिनु पर्दछ।

४९ **एच.डि.पि. पाइप खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ मा मालसामान खरिद सम्वन्धि कारवाही शुरु गर्नु अघि सम्वन्धित सार्वजनिक निकायको खरिद इकाइले खरिद माग प्राप्त गरी अधिकार प्राप्त अधिकारी बाट स्वीकृत गराई गर्नु पर्ने व्यवस्था छ। खरीद गरिएका पाइपहरु

वास्तविक कार्य सम्पादन र प्राविधिक नापाजाँच गरी खर्च लेख्नु पर्दछ। नगर पालिकाले बोलपत्रको माध्यमबाट निम्नानुसारका विभिन्न साइजका १४८७४० मिटर पाइप खरिद गरी सप्लायर्स मल्ल निर्माण सेवालाई रु ८३८५७१९।०० भूक्तानी गरेकोमा खरिद गरिएका पाइप कुन योजनाका लागि खरिद गरिएको हो सोको लागत अनुमान तयार गरेको देखिएन। नगरपालिकाले यस वर्ष सो मध्ये ४ वटा खानेपानि योजनाको कार्यालयले उपलव्ध गराएका ३८२३९ मिटर पाइपको मूल्य घटाई भूक्तानी गरेको देखियो । खरिद मध्ये वाँकी ११०५०१ मिटर पाइपको प्राविधिक मूल्यांकन पेश भएको छैन। कार्यालयबाट २० एमएमको ७०००० मिटर २५ एमएमको ४५ हजार मिटर र ३२ एमएमको २९९२० मिटर गरी कूल १४४९२०।०० मिटर पाइप विभिन्न वडामा खानेपानि तथा सरसफाई तर्फ वितरण गरिएको विवरण प्राप्त भएकोमा कुन योजनामा खपत भएको खुलाएको छैन। खरिद र वितरण विवरण अनुसार ११०। ४ के.जी. को २४० मी. २०।१० साइजको ३५०० मी, ३२।१०को ८० मि. मौज्दात नै रहेको र १६।१० को ४५२० मी, ३२।६ को २५१९ मि. यस वर्ष खरिद नभएकोमा योजना दिई मूल्यांकन गरेको देखिएकोमा गत वर्षको जिम्वेवारी र यस वर्षको मौज्दातको विवरण पेश भएको छैन। यस वर्ष खरिद गरेको मध्ये मूल्यांकन नभएको परिमाण को योजनागत प्राविधिक मूल्यांकन पेश हुनु पर्ने रु........................................... ६८५४२०३.००

| पाइपको साइज केजि | खरीद परिमाण मिटर | योजनाको मूल्यांकन परिमाण | बांकी परीमाण | मू.अ.कर वाहेक दर | रकम |
|---|---|---|---|---|---|
| २५/१० | ४५००० | ६४०० | ३८६०० | ५०/५० | २२०२७०९ |
| २०/१० | ७३५०० | २१२०० | ५२३०० | ३३/५० | १९७९८१६.५० |
| ३२/१० | ३०००० | ३६०० | २६४०० | ८३/५० | २४९०९७२.० |
| ११०/४ | २४० | ० | २४० | ६६६/३२ | १८०७०५.९८ |
| | १४८७४० | ३१२०० | ११७५४० | | ६८५४२०३.४८ |

५० **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको र नियम १२ मा परामर्श सेवाको लागतअनुमान तयार गर्दा नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेशन तथा सम्वन्धित परामर्श सेवा को कार्यक्षेत्रगत शर्त र परामर्श सेवाको लागत अनुमान सम्वन्धिनर्म्स लाई आधार लिइ लागत अनुमान तयार गरी मालसमान तथा परामर्श सेवा खरिद गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसारका मालसामान तथा परामर्श सेवा खरिद गर्दा नियमावलीले तोकेका आधार, नर्म्स तथा शर्त खुल्ने गरी लागत अनुमान तयार नगरी विना प्रतिस्पर्धा सोझै खरिद गरेको नियमित नदेखिएको रु ................... ५२२६४९५.००

| कार्यविवरण | सप्लायर्स। सेवा प्रदायक | भूक्तानी रकम |
|---|---|---|
| बोलपत्र सम्वन्धि कागजात तयार ८ वटा | इष्टवेष्ट कन्सल्टेन्सी सर्भिसेज धनगढी | ३४५०००.०० |
| इमेल तथा इन्टरनेट सेवा | एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि. विरेन्द्रनगर | २०८११५५.०० |
| सोलार जडान | नेशनल सोलार एण्ड अर्डर सप्लायर्स कोहलपुर वाँके | ४९५१००.०० |
| ट्रान्सफरमर खरिद | सिद्दकुमाख निर्माण एवं सप्लायर्स प्रा.लि.दाङ्ग | ३३६४००.०० |
| डिजिटल बोर्ड ४ वटा | स्मार्ट एजुकेशन सपोर्ट प्रा.लि. डिल्लीवजार काठमाण्डौ | १४४००००.०० |
| सफ्टवेयर निर्माण | सफ्टटिच इन्फोसिस प्रा.लि.काठ | ५२८८४०.०० |
| | जम्मा रु | ५२२६४९५.०० |

५१ **नर्म्सभन्दा बढी भत्ता भुक्तानीः-** अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा कार्यक्रम सञ्चालन निर्देशिका २०७३ अनुसार दफा ७.१.१५ सवै प्रकारका तालिम गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन सम्वन्धी खर्चको मापदण्ड तय गरेको छ । ७.१.१५(४) अनुसार तालिम केन्द्रहरु वाहेक अन्य निकायवाट संचालित सवै प्रकारका तालिमका श्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिक सम्वन्धी व्यवस्था भए अनुसार तोकिएको मापदण्ड विपरीत निम्नानुसारको वढी खर्च गरेको रु.९१६०१।०० असूल हुनु पर्ने रु........... ९१६०१.००

| गो.भौ.न. | नाम | कक्षा संख्या | विवरण | नर्म्स अनुसार प्रति दिन पाउने | नर्म्स अनुसार पाउने | कुल भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ४४२ | बालविवाह न्यूनिकरण तालिम | ३ | प्रक्षिक भत्ता | १५०० | ४५०० | ५००१ | ५०१ |
| | | | संयोजक | १०० | १००० | २००० | १००० |
| ३९१ | महिला शशक्तिकरण तालिम | ३ | प्रक्षिक भत्ता | १५०० | ४५०० | ८००० | ३५०० |
| ३९५ | अपांग लक्षित तालिम | ६ | प्रक्षिक भत्ता | १५०० | ९००० | ३०००० | २१००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५०१ | विपत व्यवस्थापन अभिमुखीकरण | १० | प्रक्षिक भत्ता | १५०० | १५००० | ३२२०० | १७२०० |
| ५०१ | अपांग पूनव्यवस्थापन तालिम ३ दिने | १२ | प्रक्षिक भत्ता | १५०० | १८००० | ३०००० | १२००० |
| ५०६ | जातिय विभेद सम्वन्धि अर्न्तकिया २ दिने | ८ | प्रक्षिक भत्ता | १५०० | १२००० | १६००० | ४००० |
| ५०७ | सहकारी शिक्षा अनुशिक्षण | | प्रतिवेदन | ३००० | ३००० | ५००० | २००० |
| ५०७ | सहकारी शिक्षा अनुशिक्षण | १६ | प्रक्षिक भत्ता | १५०० | २४००० | ५४४०० | ३०४०० |
| | | | | | | **जम्मा रु** | ९१६०१ |

५२ **प्राविधिक स्पेशिफिकेशन र परिक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४२ मा मालसमानको प्राविधिक विवरणमा उल्लेख गर्नु पर्ने कुराहरु र नियम ६२ मा बोलपत्रको प्राविधिक पक्षको मूल्यांकनका आधारहरु तोकेको छ। त्यसैगरी नियम ११५ मा आपूर्ति गरिएका मालसामान संझौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम का भए नभएको निरिक्षण वा परिक्षण गर्ने प्रयोजनका लागि एक वा एक भन्दा बढी निकाय वा अधिकारी तोक्न वा सम्वन्धित मालसामान सम्वन्धित बढीमा ३ जना विज्ञ रहेको एक समिति गठन गरि सो समिति निरिक्षण गरि सकेपछि स्वीकृत वा अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरिक्षण प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसारका रु १८४६६३८०।०० सवारी साधन र ढुवानी साधन खरिद कार्यका लागि हेभि इक्यूपमेन्ट डिभिजन गोदावरी धनगढीका मेकानिकल इन्जिनियर विजय कुमार शाहवाट प्राविधिक स्पेशिफिकेशन तयारी, बोलपत्रको मूल्यांकन र मालसामान प्राप्त भइ सकेपछिको इनसेप्सन सिट तयार गराई कार्यालयले प्रमाणित गरेको छ । एकै व्यक्तिबाट स्पेशिफिकेसन तयारी बोलपत्र मूल्यांकन र स्पेशिफिकेशन बमोजिमको सामान प्राप्त भएको व्यहोरा प्रमाणित गरेकोले गुणस्तर र लागतको प्रभावकारिकता सम्वन्धमा विस्वस्त हुने आधार देखिदैन ।

| सि.नं. | सवारी तथा ढुवानी साधनको नाम | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|
| १ | ब्याक होल लोडर 4 wd | ४३१२६१३ | ३९४५००० |
| २ | टिपिङ्ग ट्रक | ४२५८०४५ | ३८९५००० |
| ३ | 4 wd पिक अप | २६०७५१७ | २३८५००० |
| ४ | 4 wdhardtop जिप | ५०००००० | ४८८५००० |
| ५ | 4 wd ट्र्याक्टर | १९९९६४४ | १६५०००० |
| ६ | 4 wd एम्बुलेन्स | १४००००० | १०४९३८० |
| ७ | 4 wd मोटरसाइकल ३ | ७५०००० | ६५७००० |
| | जम्मा रु | २०३२७८१९.०० | १८४६६३८०.०० |

५३ **जल विद्युत आयोजना लगानीः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २५ मा गैर सरकारी संघ संस्था, सहकारी संस्था लगायतका सामाजिक तथासामुदायिक संघ संस्थाले स्थानिय तहसंग समन्वयमा कार्य गर्दा स्थानिय तह संग भएको संझौताका आधारमा कार्यक्रम संचालन गर्ने आफ्नो वार्षिक योजना कार्यक्रम तथा वजेट स्थानिय तहको वार्षिक योजना कार्यक्रम तथा वजेटमा समावेश गराउने र स्थानीय तहले तोकेको संयूक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने व्यवस्था गरेको छ । नगरपालिका कार्यालयले निम्न लघु जलविद्युत आयोजना संग संझौता गरी नहर निर्माण तथा विद्युतिय सामाग्री खरिद वापतको रकम भूक्तानी गरेकोमा विद्युतिय सामाग्री खरिद सप्लाई तथा जडान कार्यको ढुवानी समेतको लागत अनुमान नगरपालिका कार्यालयबाट तयार र स्वीकृति नगरी कन्सल्ट्यान्ट गौतम इनजिनियरिङ्ग प्रा.लि. बुटवलले पेश गरेको प्रस्तावको आधारमा प्रस्ताव अनुसारको रकम मूल्यांकनमा राखी भूक्तानी गरेको देखियो । कार्यालयको स्वामित्वमा नरहेको निर्माण कार्यको भूक्तानी गर्दा जलविद्युत आयोजना र कार्यालय विच लागत सहभागिता सहितको एकमुष्ट लागत अनुमान मूल्यांकन गरी दोहोरोपना नहुने सुनिश्चिता गरी गर्नु पर्नेमा सो नगरी जलविद्युत आयोजनाले पेश गरेको परामर्शदाताको प्रस्ताव अनुसार(सामाग्री सप्लाई र ढुवानी भएको कार्य मूल्यांकन गरी भूक्तानी गर्दा सामाग्रीको गुणस्तर र दोहोरोपना नभएको सुनिश्चि हुने आधार देखिदैन । आयोजनाले आफ्नो वार्षिक योजना तथा कार्यक्रम स्थानिय तहको वार्षिक योजना तथा कार्यक्रममा समावेश गराई स्थानियतहले तोकेको संयूक्त अनुगमन प्रणाली अपनाई अनुगमन गरेको र प्रतिवेदन लिएको देखिएन । बार्षिक कार्यक्रममा समावेश गरी संयूक्त अनुगमन प्रकृया नअपनाउदा खर्च भएको रकमको सदुपयोगको सम्वन्धमा विश्वस्त हुने आधार देखिएन । खर्च रकमको उपयोगको सम्वन्धमा अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु............

| सि.नं. | संघ संस्थाको नाम | कार्यविवरण | भूक्तानी रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | लघुजलविद्युत आयोजना गिजागाढ | भवन र नहर<br>निर्माण, विद्युतिय<br>सामाग्री सप्लार्यस र<br>जडान | ७४६६१०७ | सामाग्री सप्लायर्स, जडान, ढुवानी समेतको ४६८४६७४।०० लागत अनुमान कार्यालय बाट नभई कन्सल्ट्याण्ट को प्रस्तावको आधारमा मूल्यांकन गरेको |
| २ | कालाखोला ल.ज.वि.अ. | निर्माण कार्य | ११५९०००.०० | सम्वन्धित आयोजनाको वार्षिक कार्यक्रम र न.पा.को कार्यक्रममा दोहोरोपना नहुने गरी वजेट व्यवस्था र संयूक्त अनुगमन प्रणाली अवलम्वन गरी दोहोरो नहुने |
| ३ | बुढबुढेखोला ल.ज.वि.अ. | | ४३६६९९३.०० | |
| ४ | घेत्मा खोला ल.ज.वि.अ. | | ११०८३६३.०० | |
| ५ | खाराखारा खोला ल.ज.वि.अ. | नहर निर्माण | ९९२७४८.०० | कुलमूल्यांकन २१९९५६९।०० मा अन्य निकायको लगानी र लागत सहभागिताको अनुगमन गरी दोहोरो पना नभएको सुनिश्तिता नदेखिएको । |
| ६ | सालागार खोला ल.ज.वि.अ. | नहर र पाइपको कार्य | ५४४१६३.०० | |
| | **जम्मा रु** | | १५६३७३७४.०० | |

५४ **एक्साभेटरको इन्धन खर्च बढी:** कार्यालयले विभिन्न सडक विस्तार तथा ट्र्याक खोल्ने कार्यका लागि उपभोक्ता समितिद्वरा कार्य गराउँदा इन्धन, लुव्रिकेट र अप्रेटर बाहेकको मेशिन भाडाको विल र इन्धन, लुव्रिकेट ग्रिज, अप्रेटर खर्च र ज्यालाको छुट्टै विल भरपाई संलग्न गरी पेश गरेकोमा कार्यालय बाट मूल्यांकन भएको कटिङ्गको कार्य परिमाणको तुलनामा उपभोक्ताले बढी इन्धन खर्च गरेको विल पेश गरेको देखियो । स्वीकृत जिल्ला दररेट अनुसार ०.३५ घ.मी. वकेट क्याप सिटि भएको एक्साभेटरको इन्धन खर्च प्रति घन मिटरनरम माटो, कडा माटो, नरम चट्टान र कडा चट्टानको काममा क्रमश: ०.१३०४, ०.१६००, ०.२२१६ र ०.२९६० लिटर डिजेल खर्च लाग्ने देखिन्छ । सवै प्रकारको माटोको काममा औषत प्रति घ.मि. ०.२० लिटर हुन आउँछ । उपभोक्ताले पेश गरेको मेशिनको विल र उपभोक्ता भेलामा उल्लेखित मेशिन चलेको घण्टा र प्राविधिकले मूल्यांकन गरेको कूल जम्मा कटिङ्ग कार्यको तुलनामा निम्नानुसार बढी इन्धनको विल पेश गरेको देखियो । वास्तविक स्वीकृत नर्म्स अनुसार भन्दा बढी हुने गरी इन्धन विलको भूक्तानी दिएको खर्च सम्वन्धमा छानविन हुन पर्ने रु............

| योजनाको नाम | कूल कार्य मूल्यांकन परिमाण घनमिटर | रकम रु | औषत अनुसार डिजेल लि. | रकम रु-दर रु १११।८७) भ्याट समेत | डिजल खर्च लि | रकम रु | बढी विल पेश भएको रकम रु |
|---|---|---|---|---|---|---|---|
| काला खोला ठूलि वार्खु ग्रा.सडक | १६५६१ | २१७३७८६ | ३३१२.२ | ३७०५३६ | ७६९२ | ६१४०५१ | २४३५१५ |
| पिपलचौर कोटडाडा बांकेडाडा घर्तिपाखा सडक | १९९२३ | २५५४२७१ | ३९८४.६ | ४४५७५७ | ६७४० | ५५४५९६ | ६८८४२ |
| गिजाझिन्चौर सडक | २४६८९ | २६५५३१३ | ४९३७.८ | ५५२३९२ | ८२२० | ६४९८३९ | ९७४४७ |
| घट्टाखेत पेखीसुन्दरपानि हुदै भैडाडा सडक | २९७४९ | २६४४३८६ | ५९४९ | ६६५५१५ | ४१०५ | ८२४८२९ | १५९३१४ |
| गिजा झिन्चौर तली फलाटे सडक | ११२४४ | १८०५६९२ | २२४८.८ | २५१५७३ | ६०६० | ५६६६०६ | ३१५०३२ |
| ढुगिला डाँफे खदीरोड | १३६५६ | ११९८२६७ | २७१२.२ | ३०५५३९ | ४२७८ | ४२७८०६ | १२२२६६ |
| मूलातारा टोलिकाँडा सडक | २२१०५ | २६०५८५४ | ४४२१ | ४९४५७७ | ७८७० | ६५५५६४ | १६०९८६ |
| भल्माघेरमा सडक | ३१८२१ | ३०८९७०८ | ६३६४.२ | ७११९६३ | ९१८० | ९१८००० | २०६०३७ |
| चिसापानी डाडाफसल डाडागाउ जोश्दी ग्रा.सडक | १३३९१ | २६१००४५ | २६७८.२ | २९९६१० | ७८५० | ६०७५९० | ३०५९७९ |
| सिम वजार कागलगाउँ गौरीपातल सडक | २२९३७ | २६०५९८० | ४५८७.४ | ५१३१९२ | ९४२० | ८०२६७५ | २८९४८२ |
| पिपलचौर कोटडाडा च्याच्यापे बाकेडाडा सडक | २४०७० | ३०५१६९८ | ४८१४ | ५३८५४२ | ९३६० | ७७९१९५ | २४०६५२ |
| बेसरा खादी जलजला सडक ३क -गो.भौ.नं १८७) | १५४६२ | ३०२४८०६ | ३०९२.४ | ३४५९४६ | ११८६० | १०७१९९५ | ७२६०४८ |
| बसेरा बढी सडक ३ (गो.भौ.नं. १८०) | २०२१९ | २६१०२२५ | ४०४३.८ | ४५२३८० | १६६२० | १४१४४६६ | ९६२०८६ |
| जिलिगा सानीवार्खु सडक नि | २०७५४ | २५६६१८६ | ४१५०.८ | ४६४३५० | ७९२० | ६४९७५३ | १८५४०३ |
| | | | | | | **जम्मा रु** | ४०८३०८९.०० |

५५ **जनप्रतिनिधिबाट खर्च:** स्थानिय सरकार संचालन ऐन ०७४ को दफा ७३ बमोजिम नगरसभावाट स्वीकृत वजेटको खर्च गर्ने अख्तियारी अध्यक्षले प्रशासकिय अधिकृतलाई र प्रशासकिय अधिकृतले वडा सचिव लाई दिई खर्च गर्ने व्यवस्था छ । नगरपालिकाले ऐन विपरीत यस वर्ष भकारो सुधार कार्यक्रमको वजेट रु ११२००००।०० जन निर्वाचित प्रतिनिधि वडा अध्यक्षलाई कार्य मूल्यांकन

| | | |
|---|---|---|
| | वेगर भकारो सुधारको लागि खरिद गरिएका निर्माण सामाग्री तथा ज्यालाका विल भरपाई संलग्न गरी भूक्तानी गरेको देखियो । ऐन विपरीत भूक्तानी गरेको रकम अनियमित देखिनुका साथै उक्त कार्य मूल्यांकन पेश हुनु पर्ने रु............................... | |
| ५६ | **वित्तीय अनुशासन :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ८ दफा २५ र २८ मा क्रमशः स्थानिय तहले आर्थिक र वित्तिय निति तर्जुमा गर्दा नेपाल सरकारको आर्थिक वित्तिय नीति अनुशरण गर्नु पर्ने र ऐन वा प्रचलित कानुन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तिय सामानीकरण अनुदान वाट ४ वटा विद्यालयलाई फिल्ड निर्माणका लागि जग्गा खरिद वापत रु ११५०००००।०० भूक्तानी गरेको छ । विद्यालयको लागि जग्गा खरिद गर्न सम्वन्धित प्रदेश मन्त्रालय तथा मन्त्रीपरिषदको निर्णय संलग्न गरेको देखिएन । केन्द्रिय अनुदानबाट मन्त्रिपरिषदको निर्णय वेगर जग्गा खरिदमा भूक्तानी गरेको नियमित नदेखिएको रु ..................... | |
| ५७ | **प्राविधिक नापीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक नाँप जाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा विल विजकको भूक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले राडीज्यूला दाँजे ग्रामिण सडकको ७+ ००० च्यानेजमा विभिन्न प्रकारको कटिङ्ग १२६५२.८५ घ.मि. को रु १२९७६९५।०० र ०+ ५०० च्यानेजमा रिमोभल र रिप्पलेसमेन्ट १०७५० घ.मी. को रु १३११७१५। समेत कूल रु २६०९४१०।०० मूल्यांकन गरी उपभोक्ता समितिलाई रु २०६२२३१।०० भूक्तानी दिएकोमा विस्तृत नापी सिटमा रिमोभल कार्य ५०० देखि १००० मिटर सम्मको लम्वाईमा क्याल्कुलेसन गरेको, दररेट जिल्ला दररेट समितिको भन्दा घटी बढी राखेको, कटिङ्ग तर्फ कडा चट्टानको दर २९१।०० र रिमोभल तर्फ मध्यम चट्टानको रु २९१।५० राखी गणना गरेको देखियो । स्वीकृत जिल्ला दररेट कडा चट्टानको७१८।३५ र मेडियम रक को १२६।५० रहेको छ । उपभोक्ता समितिबाट मेशिनको ज्याला १४९१०९९।०० र इन्धनको ६४१९।०० लि.को रु ५०३९२५।०० को विल तथा अन्य अप्रेटर र ज्यामी ज्यालाका विल पेश गरेको छ । प्राविधिक वाट १००० मिटरको चेनेजमा नापी भई मेशिनको काम जिल्ला दररेट भन्दा घटी बढी दरमा मूल्यांकन गरी गरेको कार्य मूल्यांकन बास्तविक हो भन्न सक्ने आधार देखिएन । स्वीकृत मेशिन जिल्ला दररेट अनुसार कूल २३४०२ घ.मी. कार्यको औषत इन्धन प्रति घ.मी. ०.२० लि.को हिसावले ४६८०.४० लि.को डिजले विल हुनु पर्नेमा ६४१९ लि.को विल उ.स.बाट पेश भएको देखिन्छ । यस सम्वन्धमा नगरपालिकाबाट छानविन गरी वास्तविक कार्य मूल्यांकन र भूक्तानी एकिन हुनु पर्ने रु............. | २०६२२३०.०० |
| ५८ | **सम्झौता भन्दा बढी भूक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले भूक्तानी गर्दा कराराका शर्त बमोजिम भूक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले एच.डि.पि.ई पाइप खरिदका लागि मल्ल निर्माण सेवा संग मूल्य अभिवृद्धि कर ढुवानी समेत रु ८३६६४९९।३२ मा संभौता गरेकोमा पाइप सप्लाई पश्चात गो.भौ. ४६ बाट रु ७६९७७१६।०० र २५८ बाट रु ६८८००३।०० गरी रु ८३८५७१९।०० भूक्तानी गरेको देखिएकोले बढी रकम रु १९२२०।०० असूल गरी संचितकोष दाखिला हुनु पर्ने रु .................... | |
| ५९ | **२०६–०७५।२।२५**<br>**बढी ढुवानी खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१३) मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई सम्पन्न कामको आधरमा भूक्तानी दिने र लाभग्राही समूदायले प्राप्त गरेको रकम दुरुपयोग गरेको पाइएमा सम्वन्धित सार्वजनिक निकायले छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिको पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असूल उपर गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले महादेव आधारभूत विद्यालयलाई कम्प्यूटर र सोलार खरिद वापत रु ३००१५५ कोमूल्यांकन र कन्टिन्जेन्सि कट्टि गरी रु २८५०००।०० भूक्तानी भएकोमा संलग्न विल र मूल्यांकन बमोजिम काठमाण्डौबाट नदुवा ढुवानी २५०००।०० र नदुवा देखि स्यालाखादी रु २३०००।०० गरी कूल ढुवानी रु ४८०००।०० मूल्यांकन गरेकोमा खरिद गरिएका सामाग्री सवै रुकुम खलंगाबाट र वालाजु काठमाण्डौको विलबाट रु ३८०००।०० को व्याट्रि खरिद गरेको देखिएकोले काठमाण्डौ देखि नदुवा सम्मको ढुवानी रकम खर्च भएको नदेखिएकोले असूल गर्नु पर्ने रु .. | २५०००.०० |
| ६० | **अमानतबाट कार्यः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९८ मा अमानतबाट निर्माण कार्य गर्नु परेमा १ तह माथिको अधिकारीको पूर्व स्वीकृत लिई १ लाख रुपैयामा नवढाई गर्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाले निम्न कार्य सो सिमा भन्दा बढी रकमको पूर्व स्वीकृत नलिई | |

| | | |
|---|---|---|
| | गरेको नियमित नदेखिएको रु................... | |

| सि.नं. | ब.उ.शि.नं. | कार्य गर्ने व्यक्ति | कार्य विवरण | भूक्तानी रकम |
|---|---|---|---|---|
| १ | पूजिगत | परविर नेपाली | सडक सरसफाई र मर्मत | २०६९१४.०० |
| २ | | खड्क व.के.सी. | | २३९९९८.०० |
| | | | **जम्मा रु** | ४४६९१२.०० |

| | | |
|---|---|---|
| ६१ | **ब.उ.शि.नं ३६५८४७३(बहुक्षेत्रिय पोषण) तर्फ** | |
| | सङ्घीय मामिला तथा स्थानिय बिकास मन्त्रालयको मिति २०७४।६।८ को कार्यक्रम संचालन र अख्तियारीपत्रमा यस बजेट उपशिर्षकमा बिनियोजन भएको बजेट कार्यालय सामाग्री,कर्मचारी भर्ना, कार्यालय संचालन जस्ता क्षेत्रमा खर्चगर्न नपाईने उल्लेख छ। कार्यालयले स्वीकृत अख्तियारी बिपरीत देहायअनुसार बैठक भत्ता र यातायात खर्च बापत रु १७००००/- खर्च लेखेको छ। यसरी स्वीकृत कार्यक्रम र अख्तियारी बिपरीत खर्च गर्ने कार्य नियमसम्मत नभएको रु..... | |

| गो.भौ.न. | बिबरण | रकम (रु) |
|---|---|---|
| ३ | यातायात खर्च | ५००००.०० |
| | समन्वय समितिको बैठक भत्ता | ३००००.०० |
| | निर्देशक समितिको बैठक भत्ता | ९००००.०० |
| | जम्मा रु | १७००००.०० |

| | | |
|---|---|---|
| ६२ | **आन्तरिक आय:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ मा कार्यालयमा नगद वा वैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्वन्धित<br>खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष आन्तरीक आय तर्फ रु **१०६५७४३८.००** आम्दानी जनाएकोमा सो को दैनिक आम्दानी रजिष्ट्र मा नगदी र वैंकभौचर अनुसारको आम्दानी जनाई गोश्वरा भौचर खडा गरी आम्दानी नगरी वैंक जम्मा भएको आधारमा आम्दानी जनाएको देखियो। कार्यालयबाट आर्थिक वर्ष भरी कति नगदी रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भइ कति रसिदको आम्दानी गर्न बाँकी छ। सो देखिने विवरण लेखापरीक्षणको लागि पेश भएन। रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको र राजस्व असूल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी वाँधेको रकमको सम्वन्धमा आम्दानी हुनु पर्ने रकम सवै आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन। | |
| ६३ | **वित्तीय जवाफदेहीता:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सि, नगद मौज्दात तथा आर्थिक कारोवार सम्वन्धि व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ। नगरपालिकाले आन्तरिक आम्दानी अभिलेख व्यवस्थित नगरेको र रसिद नियन्त्रण खाता नराखेको, कार्यक्रम अनुगमन अभिलेख नराखेको, लगबुक वेगर ईन्धन खर्च लेख्ने गरेको, उपभोक्ताबाट काम गराउँदा नियमले तोकेको कार्यविधि पूरा, नगरेको वडा तथा नगरपालिका संचालन खर्च तर्फको जिन्सि अद्यावधिक नगरेको, मर्मत अभिलेख नराखेको, जिन्सि निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, नगरपालिकाको दरबन्दी बमोजिम पदपूर्ति नभएको, जिम्मेवारी बाँडफाँड सहित गुणस्तर सुधारका सम्वन्धमा उपयूक्त उपायहरुको अवलम्वलन नगरेको, कार्यविवरण नतोकिएको र पूँजीगत खर्च चौमासिक रुपमा सन्तुलित ढंगले नगरी तेश्रो चौमासिकमा बढी खर्च गरेको, सामाजिक सुरक्षा तर्फको अभिलेख अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएका छन्।वित्तिय जवाफदेहीताको मूल्यांकन गर्दा वि ग्रेड नतिजा प्राप्त भएको छ।नियमको व्यवस्थालाई अवलम्वन गरी वित्तीय जवाफदेहिता पालना गर्नु पर्दछ। | |
| ६४ | **बेरुजु:**नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु ५४ लाख ४३ हजार,नियमित गर्नुपर्ने रु २ करोड ६४ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १० करोड ७८ लाख ९३ हजार र पेश्की रु २४ लाख ९० हजार समेत रु १४ करोड २२ लाख ७४ हजार बेरुजू कायम भएकोमा प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई रु १४ करोड २२ लाख ७४ हजार बेरुजू कायम भएको छ। | |
| ६५ | **बेरुजु सम्परीक्षण र अनुगमन मूल्यांकन** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ। कार्यालयको गत वर्ष लगति वेरुजु देखिएन।यो वर्षको वेरुजु प्रचलित कानूनी व्यवस्था अनुसार फछ्र्यौट गर्नु पर्दछ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | **रु हजारमा** |
| **साविक गाविसको वेरुजु** | **आर्थिक वर्ष ०७३।७४ को वेरुजु** | **जम्मा वेरुजु** | **यो वर्ष फछ्र्यौट** | **बाँकी वेरुजु** | **यो वर्ष थप वेरुजु** | **जम्मा वेरुजु** |
| अभिलेख नभएको | ० | ० | ० | ० | १४२२७४ | १४२२७४ |

**अनुसूची– १**

## आठविसकोट नगरपालिकाको बेरुजू बर्गीकरण ( विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | पश्चिम | आठविसकोट नगरपालिका | ३२ | ३२ | १४२२७४ | ० | ० | ० | ३२ | ३२ | १४२२७४ | ५४४३ | २६४४८ | १०७८९३ | ०० | ०० | १३९७८४ | ० | २४९० | २४९० |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | आठविसकोट नगरपालिका | | २० | २८९८१६ | १४९९०१ | १०६५७ | ४५०३७४ | १६६७७६ | २६६२४९ | ६९५५ | ४३९९८० | १०४१४ |

## अनुसूची– १७
# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण -विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| २. | पश्चिम रुकुम | आठविसकोट नगरपालिका | ३२ | ३२ | १४२२७४ | ० | ० | ० | ३२ | ३२ | १४२२७४ | ५४४३ | २६४४८ | १०७८९३ | ०० | ०० | १३९७८४ | ० | २४९० | २४९० |
| ३. | | बाँफिकोट गाउँपालिका | ३१ | ३९ | ६७३६९ | ० | ० | ० | ३१ | ३९ | ६७३६९ | १७९४४ | २२६३८ | १९७८७ | ० | ०० | ६०३७० | ० | ६९९९ | ६९९९ |
| ४. | | चौरजहारी नगरपालिका | ३४ | ३६ | ८५८१२ | ० | ० | ० | ३४ | ३६ | ८५८१२ | ९१२१ | ४२१३५ | ३३९९६ | ० | ० | ८५२५२ | ० | ५६० | ५६० |
| ५. | | मुसिकोट नगरपालिका | ३० | ६६ | १०७४३७ | ० | १४ | १४०९० | ३० | ५२ | ९३३४७ | ६०३७ | ३५७२२ | ४९५०८ | ० | ० | ९१२६६ | ० | २०८१ | २०८१ |
| ५ | | त्रिवेणी गाउँपालिका | ३१ | ४२ | ८२४८० | ० | ० | ० | ३१ | ४२ | ८२४८० | ८४९३ | २३०६१ | ५००१० | ० | ० | ८१५६४ | ० | ९१६ | ९१६ |
| ६ | | सानोभेरी गाउँपालिका | ३० | ३० | ७०५३८ | ० | ० | ० | ३० | ३० | ७०५३८ | १३५७८ | २२३१९ | ३३७३८ | ० | ० | ६९६३६ | ० | ९०२ | ३० |

## अनुसूची- १
# स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४।७५
## प्रदेश नम्बर :- ....

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| २. | आठविसकोट नगरपालिका | रुकुम पश्चिम | २० | २८९८१६ | १४९९०१ | १०६५७ | ४५०३७४ | १६६७७६ | २६६२४९ | ६९५५ | ४३९९८० | १०४१४ |
| ३. | बाँफिकोट गाउँपालिका | | ४३४६ | २५५३२३ | २५६६५ | १२१३ | २८२२०१ | १३०४१६ | १४८४५६ | ० | २७८८७२ | ७६७५ |
| ४. | चौरजहारी नगरपालिका | | ४३८१२ | २११३४६ | १५६७८७ | ५७३२ | ३७३८६५ | १६५७९५ | १६००४६ | ३७७५० | ३६३५९१ | ५४०८६ |
| ५. | मुसिकोट नगरपालिका | | २३५५९ | ४०३२७७ | ४६१३९ | १५७१० | ४६५१२६ | २०८१८४ | २०९३९३ | ९२८९ | ४२६८६६ | ६१८१९ |
| ६. | त्रिवेणी गाउँपालिका | | ४८०० | २५३८४५ | २६१७१ | ३१२४ | २८३१४० | ५७१२० | १९०९०३ | ७८४७ | २५५८७० | ३२०७० |
| ७. | सानोभेरी गाउँपालिका | | ५५२० | २७३१०१ | २६०९३ | २५६१ | ३०१७५५ | १५६४१८ | ९६८५८ | ० | २५३२७६ | ५३९९९ |